# नवनिर्वाचित वरिष्ठ उपाध्यक्ष गोल्छा

नेपाल उद्योग वाणिज्य महासंघको वरिष्ठ उपाध्यक्षमा शेखर गोल्छा निर्वाचित हुनुभएको छ । निवर्तमान कार्यकालमा श्री गोल्छा एशोशिएट तर्फको उपाध्यक्ष एवं रोजगारदाता परिषद्का सभापति हुनुहुन्थ्यो । नेपाल उद्योग वाणिज्य महासंघमा २०६४-६५ बाट कार्यकारिणी समिति सदस्यमा प्रवेश गर्नुभएका नव निर्वाचित वरिष्ठ उपाध्यक्ष गोल्छा यसअघि एफएनसीसीआई नेशनल एक्सिलेन्स अर्वाड फोरमको संयोजक, बैंक तथा वित्तिय समितिका सभापति र उपाध्यक्ष हुनुहुन्थ्यो ।

सन् १९६६ अगष्ट १ मा काठमाडौंमा जन्मनुभएका गोल्छा सेन्टजेभियर्स स्कुल काठमाडौंबाट माध्यामिक शिक्षा सम्पन्न गर्नुभएको छ । गोल्छाले दिल्ली युनिर्भसिटिबाट वाणिज्य शास्त्रमा स्नातक र वेभस्टर युनिर्भसिटि बेलायतबाट विजनेश एडमिनिस्ट्रेशनमा स्नातक गर्नुभएको छ । प्रतिष्ठित व्यवसायिक घराना गोल्छा समूहका निर्देशक समेत रहेका श्री गोल्छा सो घराना अन्तरगतको हीम ईलेक्ट्रोनिक प्रा लि, हंशराज हुलास चन्द एण्ड प्रा लि, हुलास ईन्भेष्टमेन्ट प्रा.लि.का म्यानेजिङ डाइरेक्टर र हिस्टर नेपाल प्रा लि का निर्देशक हुनुहुन्छ ।

गोल्छा समूह अन्तरगत नेपालमा खाद्यान्न, अटोमोबाइल, बैंकिङ, फाइनान्स, वित्त कम्पनी स्टिल, आइरन लगायतका क्षेत्रमा उद्योगहरु संचालित छन् । विभिन्न सामाजिक संस्थाहरुमा समेत संलग्न वरिष्ठ उपाध्यक्ष गोल्छा डिसएवल्ड न्यू लाईफ सेन्टरका प्रमुख संरक्षक समेत हुनुहुन्छ ।

नवनिर्वाचित वरिष्ठ उपाध्यक्ष गोल्छा नेपाल अटो मोबाइल डिलर्स एशोसिएसनका निवर्तमान अध्यक्ष समेत हुनुहुन्छ ।